**प्रस्ताव नं. १ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरू छनौट सम्बन्धमा ।**

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७९/८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित रोजगार कार्यक्रम वडा कार्यालयहरूबाट छनौट भई आएका मिति २०७९ फागुन २९ गतेको स्थानीय निर्देशक समितिको बैठकबाट पेश भएका तपसिलका आयोजनाहरू स्विकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | विद्यालयमा रङ्ग रोगन, सार्वजनिक शौचालय र सडक मर्मत सम्भार तथा ढल एवं नाली सरसफाई कार्यक्रम | ३ | वडा भित्रका विभिन्न स्थानहरु |
| २ | पालिका अन्तर्गतका चौपारीहरुको मर्मत सम्भार | सबै वडामा | |
| ३ | सडक साइट फिलिङ, कुलो निर्माण, सडक मर्मत सम्भार तथा वृक्षहरुको सौन्दर्यकरण | ४,५ | वडा भित्रका विभिन्न स्थानहरु |
| ४ | विद्यालयमा रङ्ग रोगन, सिँचाई कुलो मर्मत, सार्वजनिक स्थानमा सरसफाई, | २ | वडा भित्रका विभिन्न स्थानहरु |
| ५ | हात्तीबजादेखि गजेडिचोकसम्मको बाटो साइट फिलिङ, विद्यालयमा रङ्ग रोगन, सार्वजनिक स्थानमा सरसफाई, | १ | वडा भित्रका विभिन्न स्थानहरु |
| ६ | गाउँपालिका परिसरमा वृक्षारोपण तथा बगैचा निर्माण | २ | कन्चन पालिका |

**प्रस्ताव नं. २ : आ.व. २०७९/८० का योजनाहरू कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७९/८० मा उपभोक्ता समितिमार्फत सम्पन्न गरिने योजनाहरू हालसम्म पनि ३०% भन्दा कम सम्झौता भएको र समयमै कार्य अगाडी नबढाएमा तोकिएको समयावधि भित्र योजना सम्पन्न गर्न र भुक्तानीको प्रक्रिया अगाडी बढाउन प्राविधिक जटिलता हुने हुँदा मिति २०७९ चैत्र मसान्तभित्र सम्झौता गरी कार्यान्वयनका गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : भूमि सम्बन्धी समस्या समाधानका लागि कर्मचारी विज्ञापन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँचकाको कार्यलाई तिब्रता दिनको लागि विशेष योग्यता निर्धारण गर्दै सात दिने सार्वजनिक सूचना मार्फत अन्तर्वार्ता र प्रयोगात्मक परिक्षाबाट छनौट गर्ने गरी नेपाल सरकारले तोकेको प्रचलित स्केल बमोजिम तलब सुविधा तथा अतिरिक्त समय काम गरेमा सभाबाट पारित मापदण्ड अनुसार अतिरिक्त सेवा सुविधा समेत प्रदान गर्ने गरी देहाय बमोजिम कर्मचारी करार सेवामा पदपूर्तिका लागि प्रमुख प्रशासकीय अधिकृतलाई सैद्धान्तिक स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | पद | तह/श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | जियोम्याट्रिक इन्जिनियर | अधिकृतस्तर छैठौं | १ | |
| २ | सर्वेक्षक | सहायकस्तर पाचौं | २ | |
| ३ | अमिन | सहायकस्तर पाचौं | ३ | |

प्रमाणित

सागर गौतम
प्रमुख प्रशासकिय अधिकृत
कञ्चन गाउँपालिका
गाउँपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं. ४ : अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकाका कञ्चन गाउँपालिकाको कृषि तथा पशुपंक्षी ऐन, २०७९ को दफा ३२(१) ग र घ मा रहने अनुदान सिफारिस तथा अनुगमन समिति सदस्यहरू छनौट गर्ने जिम्मा गाउँपालिका अध्यक्ष नवराज ढकाललाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ : झोलुङ्गे पुल माग सम्बन्धमा ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय विकास विभागको च.नं. २३० मिति २०७९/१०/१६ गतेको पत्रबाट स्थानीय तहभित्र आवश्यक पर्ने झोलुङ्गे पुलको विवरण माग भएको हुँदा गाउँपालिका वडा नं. २ र ४ मा दुई छेउ पर्ने गरी वडा नं. २ स्थित सेमरानीमा निर्माणमा लागि माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ : राजपत्र प्रकाशन सम्बन्धमा ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा कञ्चन गाउँपालिकाबाट पारित हुने ऐन, कार्यविधि, नियमावली कञ्चन राजपत्रमा प्रकाशन गर्ने जिम्मा प्रशासन शाखा प्रमुखलाई दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७ : वसपार्क सञ्चालन सम्बन्धमा ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा कञ्चन गाउँपालिका वडा नं. ३ स्थित चन्द्र हरैया बसपार्क स्थानीय बासिन्दाद्वारा सञ्चालन भई आएकोमा सो बसपार्क स्थानीय बासिन्दाको समितिले नै गाउँपालिकाबाट संस्था दर्ता गराई सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।